त्रिभुवन विश्वविद्यालय बाट सम्बन्धन प्राप्त

जनप्रकाश बहुमुखी क्याम्पस

पोखरा माहानगरपालिका २९, भण्डारढिक, कास्की

को विधान

२०७५

त्रिभुवन विश्वविद्यालय बाट सम्बन्धन प्राप्त

जनप्रकाश बहुमुखी क्याम्पस

पोखरा माहानगरपालिका २९, भण्डारढिक, कास्की

को बिधान

२०७५

त्रिभुवन विश्वविद्यालय बाट सम्बन्धन प्राप्त

जनप्रकाश बहुमुखी क्याम्पस, पोखरा - २९, कास्की

प्रस्तावना :

प्रजातन्त्रको आगमन पश्चात उच्च शिक्षालाई सामुदायिक रुपमा सञ्चालन गर्न प्रोत्साहीत गर्ने सरकारी नीति र उच्च शिक्षा हासिल गर्ने विद्यार्थीहरुको चाहना परिपूर्ती गर्दै जाने, समाज र राष्ट्रको विकासमा सघाउ पु-याउने, दक्ष, योग्य, सक्षम, अनुशासित नागरिक तयार गर्न सकियोस भन्ने विशुद्ध भावनाले अभिप्रेरीत भै सामुदायिक स्तरबाट एक क्याम्पस सञ्चालन होस् भन्ने सदीक्षाले स्थानीय शिक्षाप्रेमी, समाजसेवी, अभिभावक, जनप्रतिनिधी प्रध्यापक, एवं स्थानीय संघसंस्थाहरु र जनताको सदभावले जनप्रकाश बहुमुखी क्याम्पस को नियमावली २०५९ बमोजिम, जनप्रकाश बहुमुखी क्याम्पस साविक लेखनाथ नगरपालिका वडानं १ मा स्थापना भई मिति २०६२।०४।२६ गते त्रि.वि बाट सम्बन्धन पाई सन्चालन भएको हो ।

त्रिभुवन विश्व विद्यालयको ऐन, नियम, यसले निर्दिष्ट गरेको संगठन संरचना तथा शैक्षिक प्रशासन सम्बन्धि नियम विनयमका अधिनमा रही यस क्याम्पसलाई वढि आर्कषक, लोकप्रीय, बनाएर स्तरिय, सुयोग्य नागरिक उत्पादन गर्ने जनताको अधिक लगानिमा स्थापना भएको कालान्तरमा विद्यार्थी र उनैका अभिभावक हरुले सन्चालन गर्ने लक्ष्य राखिएको नाफा रहित सामुदायिक यस क्याम्पसलाई स्थानिय जनताको व्यवस्थापन र नियन्त्रणमा राखि आर्थिक पक्षलाई पारदर्शी बनाउन एक अलग्गै विधान आवस्यक परेकोले क्याम्पस स्थापना हुन भन्दा अगाडी नै बनाईएको तत्कालिन नियमावली २०५९ लाई परिमार्जन साथै वि.स [illegible] एवं २०७२ मा संशोधन गरी सोही अनुरुप सन्चालन हुदै आएकोमा मिति २०[illegible] गोरखापत्रमा प्रकाशित त्रि.वि योजना निर्देशनालय किर्तीपुरको सूचना अनु[illegible] जनप्रकाश बहुमुखी क्याम्पस पोखरा-२९" कास्की को विधान २०७५ बनाई लागु गर्ने निर्णय गरिएको छ । अब उपरान्त यसै विधान अनुसार क्याम्पसका काम कारवाहीहरु तथा निर्णयहरु त्रि.वि को नियम तथा ऐन संग नवाभिन्ने गरी क्याम्पस सन्चालनको यसै विधान भित्र रहेर गरिनेछ । यो क्याम्पस साविक लेखनाथ नगरपालिका वडानं- १, हाल परिवर्तित पोखरामाहानगरपालिका वडानं-२९ मा रहनेछ । क्याम्पसले यस क्षेत्रका विद्यार्थीहरु, अभिभावकहरुको माग, चाहना र आवस्यकता अनुसार संकायहरु अपगर्दै

लैजाने लक्ष्य र उद्धेस्य राखेको छ । त्रि.वि वाट सम्वन्धन प्राप्त यस क्याम्पसले त्रि वि ले दिएको सम्वन्धन र आवस्यकता अनुसार जिम्वेवारी वहन गर्ने छ ।

प्रारम्भ :

१. **क्याम्पसको नाम** : यस क्याम्पसको नाम **जनप्रकाश बहुमुखी क्याम्पस** रहने छ । यसलाई अंग्रेजीमा **Janaprakash Multiple Campus** भनिनेछ ।

२. **झण्डा र छाप** : यस क्याम्पसको झण्डा र छाप अनुसूची १ अनुसार हुनेछ ।

३. यो क्याम्पस पोखरामाहानगरपालिका वडानं-२९ (दक्षिण दिपशिखा पुस्तकालय, पुर्व वाटो, उत्तर र पस्चिम जनप्रकाश मा वि) स्थित भण्डारढिकमा रहनेछ ।

४. **प्रारम्भ** : यो विधान सञ्चालक समितिले पारित गरि त्रि.वि वाट स्वीकृत भएको मिति देखी लागु हुनेछ ।

५. **उद्देश्य** :

क) उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरुलाई सर्व सुलभ र गुणस्तरीय शिक्षा प्रदान गर्ने ।

ख) देशको आर्थिक, सामाजिक तथा विभिन्न क्षेत्रको गतिशिलतालाई अझ वढी प्रोत्साहित गर्न राष्ट्र विकासका लागी चाहिने दक्ष जनशक्तीको आवश्यकतालाई पुरा गर्न प्रयत्न गर्ने ।

ग) यो क्याम्पस त्रि.वि. ऐन नियमले दिएको अधिकार र निर्देशन अर्न्तगत स्थापना भएकोले यस क्याम्पसमा पढाई संचालन हुने प्रत्येक संकाय र तहमा त्रि.वि. ले निर्धारण गरेको पाठ्यक्रम अनुसार अध्ययन अध्यापन गराईनुको अतिरिक्त शैक्षिक गुणस्तरलाई वढाउदै लैजाने उद्धेस्यका साथ शीप एवं प्रविधिक र रोजगार मूलक शिक्षा उपलव्ध गराउने, शैक्षिक गुणस्तरलाई वढाउदै लैजाने अरु थप पाठ्यक्रमस समेत समावेश गरी शैक्षिक गुणस्तर लाई वढाउदै लैजान सकिने छ ।

घ) रोजगार मुलक, उत्पादन मुलक दक्ष जनशक्ती तयार पार्ने एवं आवश्यकता अनुसार समाज उपयोगी कार्यक्रमहरु कुनै पनि स्वदेशी, विदेशी, व्यक्ती एवं संघसंस्थासँग सहकार्य गरी कार्यक्रम संचालन गर्ने गराउने ।

ङ.) क्याम्पसको स्रोत साधन र भौतिक आवश्यकतालाई हेरी आवश्यकता अनुसार उपल्लो तहमा कक्षाहरु संचालन गर्न र अन्य विषयमा स्नातक तह संचालन गर्न प्रयास गरिनेछ ।

च) यो क्याम्पस समुदायिक रुपमा सञ्चालित मुनाफारहित क्याम्पस हुनेछ । यो क्याम्पस संचालन हुन नसकेमा प्रचलीत कानुन अनुसार सम्पुर्ण सम्पती संबन्धन दिने विश्वविद्यालय वा नेपाल सरकारको हुनेछ ।

६. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

क) "संचालक समिति" भन्नाले यस क्याम्पस संचालनको लागी (सिनेट) साधारण सभाबाट छनोट भएको समितिलाई सम्झनुपर्दछ ।

ख) "क्याम्पस भन्नाले" जनप्रकाश बहुमुखी क्याम्पसलाई सम्झनुपर्दछ ।

ग) "प्राध्यापक" भन्नाले क्याम्पसका प्राध्यापक, सह-प्राध्यापक,सहायक प्राध्यापक, प्रशिक्षक तथा उप-प्रशिक्षक समेतलाई सम्झनु, पर्दछ ।

घ) "कर्मचारी" भन्नाले क्याम्पसको प्रशासनिक कामका लागि नियुक्त भएको कर्मचारीलाई जनाउँदछ ।

ङ) "क्याम्पस प्रमुख" भन्नाले का. मु र निमित्त क्याम्पस प्रमुखलाई समेत जनाउँदछ ।

च) "साधारण सभा" भन्नाले दफा ८ बमोजिमका सदस्यहरु रहेको सभालाई जनाउँदछ ।

छ) "स्थानिय संघसंस्था" भन्नाले प्रारम्भमा यस क्याम्पस स्थापनाको लागी चेतना जगाएका र स्थानिय चन्दादाताहरुलाई आबद्ध गराउन उत्प्रेरणा दिई कार्य प्रारम्भ गर्ने संस्थाहरु लाई जनाउँदछ ।

ज) "संस्थापक प्राध्यापक" भन्नाले यो क्याम्पस स्थापनागर्न प्रारम्भमा योगदान पु-याएका प्राध्यापकहरुलाई जनाउँदछ ।

झ) "संस्थापक समिति" भन्नाले तत्कालीन तदर्थ समितिलाई जनाउनछ ।

ट) "विद्यार्थी " भन्नाले यस क्याम्पसमा भर्ना भएका विद्यार्थीलाई जनाउँदछ ।

७. क्याम्पसको संरचना : क्याम्पसको संरचना निम्न बमोजिम हुनेछ ।

क) क्याम्पस साधारण सभा : यसलाई सिनेट भनिनेछ ।

ख) संचालक समिति : यो सिनेटबाट निर्वाचित हुनेछ ।

ग) आवश्यकताअनुसार गठित विभिन्न उप-समितिहरु ।

घ) क्याम्पस प्रमुख पदेन समिति र सिनेटको सदस्य सचिव हुनेछन् ।

ङ) सहायक क्याम्पस प्रमुख

च) विभिन्न शिक्षण विभाग

छ) प्राध्यापक तथा कर्मचारीहरु

ज) विद्यार्थीहरु

झ) अनुसन्धान एवं प्रशिक्षण केन्द्र

ञ) अन्तराष्ट्रिय सम्बन्ध विभाग

ट) निर्वाचन समिति

ठ) विद्यार्थी कल्याणकारी क्लब, ११ सदस्य रहने व्यवस्था हुनेछ ।

८. क्याम्पस साधारण सभा

क) क्याम्पस साधारण सभाको गठन

१. प्रमुख संरक्षक तथा संरक्षकहरु

***स्पष्टिकरण :**

क) प्रमुख संरक्षक वा संरक्षकहरुको शेषपछी निजले अधिकृत रुपमा तोकेको उत्तराधिकारी व्यक्ति एक पुस्ताका लागि मात्र साधारण सभाको सदस्य हुन पाउने छन् ।अधिकृत रुपमा उत्तराधिकारी तोक्दा मन्जुरीनामा पत्र बडा कार्यलयमा प्रमाणित गराउनु पर्नेछ । साधारण सभामा मन्जुरीनामा सहितको आफ्नो उत्तराधिकारीलाई तोक्न सक्नेछन । तर निज संचालक समितिको कुनै पनि पदमा उमेदवार हुन पाउने छैनन् ।

ख) प्रमुख संरक्षक वा सम्मानार्थ संरक्षक विशेष कारण वंश नेपाल सरहद भित्र नरहेको अवस्थामा निजले एक समयावधिका लागि उत्तरधिकार तोक्न सक्ने छन । नीज उक्त सभाको सदस्य हुन पाउने छन् ।

२. संस्थापक संचालक समितिका पदाधिकारी एवं सदस्यहरु, सल्लाहकार परिषद २०५९ का सदस्यहरु र वर्तमान यस समितिका सदस्यहरु सबै ।

३. संस्थापक प्राध्यापकहरु र स्थापना कालका दुई कर्मचारीहरु

४. क्याम्पसको विकास निर्माणका कार्यमा कम्तिमा रु.२००००। (**अक्षरुपी बिस हजार**) वा सो भन्दा बढी सहयोग गर्ने सदस्यहरु ।

५. संचालक समितिका भुतपुर्व अध्यक्षहरु सबै ।

६. भुतपुर्व क्याम्पस प्रमुखहरु सबै ।

७. कार्यरत विद्यार्थी कल्याणकारी क्लब वाट सभापती एक जना ।

८. क्याम्पस भवन रहेको वडाका वडा अध्यक्ष एक जना, निर्वाचित वडा अध्यक्ष नभएको अवस्थामा वडा सचिव पदेन सिनेट सदस्य हुनेछन ।

९. प्राध्यापक संघ **जनप्रकाश बहुमुखी क्याम्पस** इकाइ समितिका सभापती पदेन एक जना ।

१०. लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष ।

११. माहानगरपालिका प्रमुख एक जना ।

१२. क्याम्पसका क्याम्पस प्रमुख पदेन सिनेट सभाका सदस्य सचिव हुनेछन् ।

साधारण सभाको काम कर्तव्य र अधिकार

१. यो सभा क्याम्पसको सर्वोच्च सभा हुनेछ ।

२. क्याम्पस संचालक समितिको गठन गर्ने

३. क्याम्पसको विकासमा सहयोग जुटाउने ।

४. संचालक समितिवाट आवश्यक कार्यवाहीको जानकारी लिने तथा मूल्याकन गर्ने ।

५. संचालक समिति वा अध्यक्षले उपयुक्त काम नगरेको भन्ने लागेमा कम्तिमा २५ प्रतिशत साधारण सभाका (सिनेट) सदस्यहरुले लिखित अनुरोध गरेमा सदस्य सचिवले अध्यक्षलाई जानकारी दिएर विशेष साधारण सभा बोलाउन पर्ने छ र उक्त प्रस्ताव दुई तिहाई वहुमत सदस्यले पारित गरेमा सो अध्यक्षलाई हटाउने र नयाँ समिति चयन गर्ने छ ।

६. विशेष परिस्थितीमा वाहेक यो सभा वर्षको १ पटक आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र वस्ने छ ।

७. यो सभाको सभापतित्व संचालक समितिका अध्यक्षले गर्ने छन् । संचालक समितिको अध्यक्ष अनुपस्थित रहेकोमा उपाध्यक्षले निजको पनि उपस्थीती नरहेमा प्रमुख संरक्षक वा संरक्षक मध्ये जेस्ठ संरक्षक सदस्यले सभापतित्व गर्ने छन । अध्यक्षले राम्रो काम नगरेको भनी हटाउनु पर्दा निजले आफुउपर लागेको आरोपको खण्डन गर्न पाउने समय दिनु पर्ने छ ।

९. साधारण सभाको गण पुरक संख्या २५ प्रतिशत हुनेछ । पहिलोपटक गणपुरक संख्या नपुगेमा दोस्रो पटक उपस्थित संख्यानै गणपुरक संख्या हुनेछ

१०. संचालक समितिले प्रस्तुत गरेको वार्षिक वजेट तथा कार्यक्रम माथि छलफल गरी पारीत गर्ने काम सभाको हुनेछ ।

९. संचालक समिति

१. यस क्याम्पसको संचालनको लागि साधारण सभाका सदस्य सिनेटहरु मध्ये निम्न क्षेत्रबाट प्रतिनिधित्व हुने गरी छनौट गरिएका र पदेन समेत १५ जना सदस्य रहेको संचालक समितिको गठन हुनेछ । यसरी प्रतिनिधी छनोट गर्दा २ महिला सहित ९ जना खुला प्रतिस्पर्धा निर्वाचित हुनेछन् ।

क)	साधारण सभाबाट निर्वाचित एक जना	१ अध्यक्ष
ख)	साधारण सभाबाट निर्वाचित	९ जना सदस्य
ग)	प्राध्यापक संघका सभापति वा प्रतिनिधी	१ जना सदस्य
घ)	सम्वन्धन दिने विश्वविद्यालयले तोकेको प्रतिनिधि	१ जना सदस्य
ङ)	जनप्रकाश मा.वि.का प्र.अ.	१ जना सदस्य
च)	माहानगरपालिकाका का प्रमुख वा निजले तोकेको	१ जना प्रतिनिधी
छ)	क्याम्पस प्रमुख	१ जना सदस्य सचिव

स्पष्टिकरण :

१ क्याम्पस संचलक समिति निर्वाचन पद्धती बाट गठन हुनेछ ।

२ समिति को कार्यकाल ३ वर्षको हुनेछ । संचालक समितीको अध्यक्ष पदमा लगातार दुई कार्यकाल भन्दा बढी बस्न पाईने छैन ।

४ अध्यक्ष हुनको लागी कम्तीमा एक कार्यकाल समिति मा रही काम गरेको हुनु पर्ने छ ।

४ अध्यक्ष तथा संचालक समितिका सदस्य हुनका लागी नेपाली नागरिक हुनु पर्नेछ ।

५ यो विधान लागु हुनुभन्दा अगाडी गठन भएको संचालक समिति वा यो संचालक समिति यसै विधान अनुसार गठन भएको मानिनेछ ।

६ कानुनी सल्लाह दिन एकजना कानुनी सल्लाहकार हुने छन । तर प्राध्यापक तथा कर्मचारी सल्लाहकार मा मनोनित हुन सक्ने छैनन ।

७ अध्यक्षले ९ जना निर्वाचित सदस्य मध्येबाट एकजना उपाध्यक्ष संचालक समितीको परामर्शमा नियुक्त गर्ने छन ।

समिति सम्बन्धी व्यावस्था

क) निर्माण उप-समिति

ख) पाध्यापक छनोट उप समिती

ग) पुस्तकालय विकास उप-समितिहरु

घ) शैक्षिक, विकास, अनुसन्धान तथा विकास उपसमिति

ङ) अन्तराष्ट्रिय सम्पर्क एवं समन्वय उपसमिति

च) आन्तरिक लेखा समिति

छ) आवश्यकता अनुसार उप-समितिहरु

१० क्याम्पसलाई आवश्यक सल्लाह सुझाव दिन भू.पु.अध्यक्षहरु मध्येबाट संयोजक रहने गरी ७ सदस्यीय सल्लाहकार समिति गठन गरीनेछ । सल्लाहकार समितिको बैठक आवस्यकता अनुसार बस्नेछ । यसले क्याम्पसका समग्र पक्षहरुको अनुगमन गर्ने र संचालक समितीलाई सुझाव दिने छ ।

११. **संचालक समितिको काम कर्तव्य र अधिकार**

क) संचालक समिति क्याम्पसको प्रमुख कार्याकारी अंगको रुपमा हुनेछ ।

ख) क्याम्पस प्रमुखको नियुक्ती गर्ने,

ग) क्याम्पसको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी साधारण सभाबाट स्वीकृति बजेटको अधिनमा रही कार्यक्रम संचालन गर्ने ।

घ) आवश्यकता अनुसार अन्य समितिहरु गठन गरी तिनीहरुको काम कर्तव्य र अधिकार तोक्ने ।

ङ) क्याम्पस संचालनको लागि क्याम्पस प्रमुखको सिफारीस तथा सुझाव अनुसार र कर्मचारीको हकमा क्याम्पस प्रमुखको राय सिफारीस अनुसार दरबन्दी सृजना गर्ने ।

लेखा परिक्षणको लागि रजिष्टर्ड लेखा परिक्षकको नियुक्ती दिने ।

छ) कुनै प्राध्यापक, कर्मचारी तथा विद्यार्थी माथी कारवाही गरि निस्कासन गर्नुपर्दा प्रध्यापकको हकमा सम्बन्धित विभागिय प्रमुखको परामर्श क्यामपस प्रमुखले लिई क्याम्पस प्रमुखको सिफारिसमा, विद्यार्थीको हकमा कम्तीमा दुईजना प्राध्यापकको सिफारिसमा क्याम्पस प्रमुखले सिफारिस गरेपश्चात र कर्मचारीको हकमा क्याम्पस प्रमुखको सिफारीस र सल्लाहमा काम गरीसकेका प्राध्यापक तथा कर्मचारीहरुलाई सफाईको स्पष्टीकरण को मौका दिई कारवाही वा निस्किासन गर्ने छ ।

ज) क्याम्पसको लागि आवश्यक कोष, चल तथा अचल सम्पत्तिको व्यवस्था गर्ने, संरक्षण गर्ने र रेखदेख गर्ने तथा किनबेच गर्ने,

झ) क्याम्पसलाई विभिन्न स्वदेशी तथा विदेशी संघ तथा संस्थाबाट प्राप्त अनुदान, दान दातव्य तथा ऋण प्राप्त गर्ने गराउने ।

ञ) क्याम्पस प्रमुखले प्रचलित ऐन कानुन नियमावली र संचालक समितिको नीति निर्देशन उल्लघन हुने कार्य गरेको पाइएमा संचालक समितिले आवश्यक कार्वाही वा निस्कासन गर्न सक्नेछ । तर यसरी कार्वाही गरि क्याम्पस प्रमुखबाट हटाउन सक्नेछ तर सफाईको मौकाबाट भने वञ्चीत गरिने छैन । लिखित सफाई पेश गर्न क्याम्पस प्रमुखलाई ७ दिनको मौका दिइनेछ ।

ट) राम्रो काम गर्ने क्याम्पस प्रमुख प्राध्यापक तथा कर्मचारी, विद्यार्थी र समाजसेवी तथा संचालक समितिका पदाधिकारी एवं सदस्यलाई पुरस्कार एवं सम्मान गर्ने गराउने ।

ठ) यस नियमावली अधिनमा रही क्याम्पस संचालनको लागि आवश्यक विनियम तथा निर्देशिकाहरु बनाई लागु गर्ने ।

ड) क्याम्पसलाई शैक्षिक तथा भौतिक विकासमा योगदान पुऱ्याउने स्वदेशी संस्था वा व्यक्तिलाई संचालक समितिको निर्णय अनुसार मानार्थ सदस्य वा अन्य प्रकारका सम्मानहरु प्रदान गर्न सक्नेछ ।

ढ) यस नियमावलीमा नपरेका अन्य उपयुक्त कार्यहरु गर्ने गराउने र विवादहरु निरुपण गर्ने

संचालक समितिको बैठक तथा निर्णय प्रकृया :

क) संचालक समितिको बैठक साधारण तथा वर्षको ६ पटक वा २ महिनाको फरकमा नियमित बस्नेछ । तर आश्यकता अनुसार जतिसुकै पटक पनि बैठक बस्न सक्नेछ ।

ख) संचालक समितिको बैठकका लागि गणपुरक संख्या ५१ प्रतिशत हुनेछ ।

ग) संचालक समितिको निर्णयहरु उपस्थित सदस्यको बहुमत द्वारा हुनेछ ।

घ) संचालक समितिको बैठक अध्यक्षको परामर्शमा क्याम्पस प्रमुख एवं समितिका सदस्य सचिवले बोलाउने छन । तर क्याम्पस प्रमुखको उजुरीको बैठक अध्यक्षले बोलाउने छन ।

ङ) संचालक समितिको कुनै पनि सदस्य नियमित बैठकमा लागातर ३ पटक सम्म बिना सूचना अनुपस्थित रहेमा समितिको अध्यक्षले स्पष्टिकरण माग्न

सक्नेछन् । निजले उपस्थित हुन नसकेको सन्तोषजनक कारण दिन नसकी चौथो पटकको बैठकमा पनि उपस्थित नभएमा स्वत हट्ने छन् तर पदेन को हकमा लागुहुने छैन ।

च) माथि ङ) अनुसार कुनै पनि कारणले रिक्त हुन आएमा बाँकी अवधिका लागि संचालक समितिको निर्णय अनुसार पद पूर्ति सिनेट सदस्यहरुबाट गरिनेछ ।

छ) यदि समितिको अध्यक्ष वा सदस्यले क्याम्पसको शैक्षिक तथा आर्थिक हानी हुने काम गरेको ठहर भएमा सदस्यलाई समितिको बहुमतले र अध्यक्षलाई सभाको दुईतिहाई बहुमतले निजको पद समेत नरहने र भविष्यमा समेत अयोग्य हुने गरी निस्कासन गर्न सक्नेछ । तर यस्तो कार्वाही गम्भीर प्रकृतीको हुनुपर्नेछ ।

ज) संचालक समितिको पदाधिकारी वा सदस्य हुन साधारण सभा वा सिनेट सदस्यता प्राप्तगरेको १ वर्ष पुराहुनु पर्दछ ।

१२. **संरक्षकको व्यवस्था र महत्व :**

क) प्रमुख संरक्षक रु.१०,००००००/- (दश लाख) भन्दा बढी रकम चन्दा प्रदान गर्नुहुने महानुभावलाई संचालक समितिबाट प्रमुख संरक्षकत्व प्रदान गरिनेछ र वहाँको जीवन कालसम्म अरु प्रमुख संरक्षक हुन पाउन सक्ने छैन । यदी दुई जना भन्दा बढी प्रमुख संरक्षक भएमा प्रथम पटक रकम भुक्तानी गर्ने नै प्रमुख हुने छ उहाँको शेषपछी दोस्रो स्वत प्रथम संरक्षक हुनेछ ।

ख) संरक्षक रु.५,००००००/- (पांचलाख) भन्दा बढीरकम वा सम्पति प्रदान गर्ने महानुभावहरुलाई संचालक समितिबाट संरक्षक सदस्य प्रदान गरिनेछ ।

ग) प्रमुख संरक्षक र संरक्षकहरुको फोटो क्याम्पसमा रहनेछ ।

घ) प्रमुख संरक्षकले प्रत्येक शैक्षिक शत्रमा एक जना विद्यार्थीलाई निशुल्क अध्यापन गर्न दिने सिफारीस गर्ने अधिकार हुनेछ । तर परिक्षा शुल्क र भर्ना शुल्क भने तिर्न पर्नेछ ।

ङ.) प्रमुख संरक्षक र संरक्षकको देहवासन भएमा एक दिन क्याम्पस बिदा हुनेछ ।

च) उनीहरुको सल्लाह र सुझाव क्याम्पसको विकास विस्तार र संचालनमा अविरल प्रेरणाको श्रोत मानिनेछ ।

(छ) माथि उल्लेखित दफा क) र ख) मा तोकिएको रकम संचालक समितिले समय-समयमा परिवर्तन गर्न सक्नेछ ।

१३. **क्याम्पस प्रमुख :**

१. क्याम्पस प्रमुखको न्यूनतम योग्यता स्नात्तकोतर तह पास हुनुपर्नेछ । पांच-वर्षको अनुभव सगालिसकेको, ईमान्दारीता, लगनशिलता, सामाजिक प्रतिष्ठा आदिका आधारमा छनौट हुनेछन । तर यसरी छनोट गर्दा क्याम्पसमा अध्यापन गराईरहेका पूर्णकालिन प्राध्यापकहरुलाई नै प्रमुख ग्राहयता दिइनेछ । सो उपलब्ध नभएमा मात्र अन्य क्षेत्रबाट माग गरिनेछ ।

२. क्याम्पस प्रमुखको पदावधी ४ वर्षको हुनेछ । आवश्यकता अनुसार संचालक समितिले थप गर्न सक्नेछ ।

३. क्याम्पस प्रमुखकोपदावधि थपको निर्णय संचालक समितिले गरेपश्चात अध्यक्षले निवमावली वा विधानमा तोकिएको समयवधीका लागी नियूक्तीपत्र दिनेछन ।

४ क्याम्पस प्रमुख भएकै दिनदेखी क्याम्पस प्रमुख पूर्णकालिन हुनेछन । अन्यत्र जस्तै: सरकारी, गैरसरकारी, विद्यालय, प्राधीकरण, वैक, कम्पनी र यस्तै अन्य निकायमा स्थाई, अस्थायी वा पूर्णकालिन भएका व्यक्तीहरु क्याम्पस प्रमुख हुन सक्ने छैनन् ।

क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार

क) क्याम्पसको शैक्षिक तथा आर्थिक प्रशासनको जिम्मेवारी लिई क्याम्पसको प्रशासन चलाउने ।

ख) प्राध्यापकहरुको हकमा सम्वधित शिक्षण विभागको राय लिई तथा कर्मचारीको लागी आवश्यक दरवन्दी कायम गर्न संचालक समितिमा सिफरीस गर्ने र सिफारीस भई आएपछाडी नियुक्ती गर्ने ।

ग) विद्यार्थीहरुको भर्ना नीति बनाउने र भर्ना लिन सक्ने विद्यार्थीको संख्या तोक्ने र भर्ना गर्ने ।

घ) अनुशासनहिन रेकर्ड भएको वा हुन सक्ने विद्यार्थीलाई भर्नावाट रोक्ने ।

ङ) अनुशासन हिन काम गर्ने विद्यार्थी वा आचारसहिता विपरीत काम गर्ने विद्यार्थीलाई दण्ड सजाय दिने ।

च) क्याम्पस संचालनका लागि वार्षिक आर्थिक अनुमानित बजेट तयार गरी अषाढ मसान्तभित्रमा संचालक समितिमा स्विकृतीका लागि पेश गर्ने साथै आवश्यक परे पुरक बजेट पेश गर्ने ।

छ) पठन-पाठनमा आएका समस्या सम्वन्धीत शिक्षण विभाग तथा विद्यार्थीहरुसँग छलफल गरी सम्वन्धीत समस्याको समाधान गर्ने ।

ज) क्याम्पसमा संचालन हुने आन्तरीक तथा योग्यता परिक्षाको व्यवस्था गर्ने र परीक्षाको रेकर्ड व्यवस्थित रुपमा राख्न लगाउने ।

झ) संचालक समितिवाट स्वीकृती लिई वार्षिक प्रगती प्रतिवेदन प्रत्येक वर्षको साधारण सभामा (सिनेट सभामा) पेशगर्ने

ञ) क्याम्पस सन्चालन, विकास तथा निर्माणका लागि आवश्यक सर-सामान खरिद गर्न, ठेक्का पट्टाको व्यवस्था गर्ने ।

ट) काम नलाग्ने सामान लिलाम गर्ने ।

ठ) क्याम्पसको लेखा हिसाव दुरुस्त राख्न लगाउने ।

ड) क्याम्पसको सम्पत्ति रेखदेख, संभार र सदुपयोग गर्ने गराउने ।

ढ) क्याम्पस संचालका लागि आवश्यक पर्ने प्राध्यापक र कर्मचारीको नियुक्ती गर्ने ।

ण) विषयगत प्राध्यापकको परामर्श लिई प्राध्यापक र कर्मचारीको कामको वांडफांड गर्ने, गराउने र अनुशासन कायम गर्ने ।

त) पठन-पाठन एवं प्रशासनिक काम कारवाही वारे मूल्यांकन गर्न हरेक महिना प्राध्यापक तथा कर्मचारीहरुको मासिक वैठक वसी समीक्षा गर्ने गराउने ।

थ) क्याम्पसका पाध्यापक कर्मचारीहरुलाई अनुशासन सम्वन्धी कारवाही गरी निलम्वन वा निस्कासन गर्नुपर्दा भने कारवाही गर्नुपर्ने कारण सहित संचालक समितिमा पेश गरी स्वीकृत भए आए वमोजिम गर्ने तर यसरी प्राध्यापक एवं कर्मचारीलाई कारवाही गर्नुभन्दा अगाडी निजहरुलाई सफाईको सवुद मौका पेश गर्न पर्याप्त मौका दिनुपर्ने ।

द) प्राध्यापक एवं कर्मचारीहरुलाई नियमानुसार विदा दिने र विदाको रेकर्ड राख्न लगाउने ।

घ) प्राध्यापक एवं कर्मचारीहरुलाई भ्रमण आदेश दिने

न) राम्रो काम गर्ने प्राध्यापक एवं कर्मचारीहरुलाई ग्रेड थप वा पुरस्कार दिनका लागि संचालक समितिमा सिफारिस गर्ने ।

प) आफ्नो अनुपस्थितीमा क्याम्पसको नियमित कार्य रोकिन नदिन निमित्त भई काम गर्नको लागि सहायक क्याम्पस प्रमुखको अधिकार सुम्पने । सहायक क्याम्पस प्रमुखको व्यवस्था नभएमा निमित्त क्याम्पस प्रमुखको व्यवस्था गरी जिम्मेवारी दिन सक्ने ।

फ) क्याम्पसको शैक्षिक गुणस्तर बढाउन र भौतिक साधन जुटाउन स्वदेशी वा विदेशी व्यक्ती वा संस्थाबाट नगद वा जिन्सी प्राप्त गर्ने गराउने ।

ब) शैक्षिक वातावरण धमिल्याउने जस्ता अवाञ्छित वा गलत व्यक्तीलाई क्याम्पसहाता भित्र पस्न नदिने ।

भ) क्याम्पसमा असाधारण स्थिती आइपरेमा त्यस्तो परिस्थिती सम्हाल्न क्याम्पसका प्राध्यापक तथा कर्मचारीको बैठकबाट पास गराई बढीमा १५ दिन सम्म क्याम्पस बन्द गर्ने र अन्य उपयुक्त सबै व्यवस्था गर्ने । यस्तो असाधारण परिस्थीतीबाट गरिएको बन्द संचालक समितिले १ महिना भित्र अनुमोदन गर्नुपर्ने छ ।

म) त्रिभुवन विश्वविद्यालयको नियम, कानून र क्याम्पस को विधान एवं निर्देशिका को अधिनमा रही क्याम्पस संचलन गर्ने

य) संचालक समितिले दिएको निर्णय तथा निर्देशनको पालना गर्ने, गराउने ।

१५. **क्याम्पस प्रमुखको सेवा सुविधा**

क) क्याम्पस प्रमुखको तलब त्रि.वि.का उप-प्राध्यापकसंग नघटने गरी संचालक समितिले तोकेबमोजिम हुनेछ । अन्य भत्ता तथा सेवा सुविधा संचालक समितिले तोक्नेछ । कास्की जिल्ला भन्दा बाहिरका भ्रमण भत्ताहरु सबै वास्तविक खर्च अनुसार नै हुनेछ ।

ख) क्याम्पस प्रमुखले आफ्नो चार ४ वर्षको समयमा जम्मा दश (१०) महिनाको पुरा तलबी विदा पाउने छन । आफ्नो अवधिभर विदा लिई बाँकी रहेको विदा तलब स्केलको आधारमा एकमुष्ट रकम पाउने छन । बीचमा छाडेमा दामासाहीले सुविधा पाउने छन । संचीत रकम प्रत्येक वर्ष साढे दुई महिना बराबर हुने हुदा सोही आर्थिक वर्षमा भुक्तानी गर्न सकिनेछ ।

१६. सहायक क्याम्पस प्रमुख :

क) सहायक क्याम्पस प्रमुखको नियुक्ती यस क्याम्पसमा अध्यापनरत स्थायी प्राध्यापक मध्येबाट नीजको कार्यदक्षता र लगनशीलताका आधारमा प्राध्यापकहरुको राय र क्याम्पस प्रमुखको सिफारीसमा पढाई संचालन हुने संकाय र कार्यक्रम अर्न्तगत एक जनामा नबढ्ने गरी आवश्क संख्यामा संचालक समितिको निर्णय गरे बमोजिम क्याम्पस प्रमुखबाट हुनेछ ।

ख) सहायक क्याम्पस प्रमुखको पदावधि २ वर्षको हुनेछ । आवश्यक परेमा म्याद थप्न सकिनेछ ।

ग) सहायक क्याम्पस प्रमुखले क्याम्पस प्रमुखको परामर्शमा संचालक समितिले तोके अनुसार अतिरिक्त भत्ता पाउनेछ ।

१७. **सहायक क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार**

क) सहायक क्याम्पस प्रमुखको क्याम्पस प्रमुखप्रति पूर्ण रुपमा उत्तरदायी हुनेछन् ।

ख) कुनै संकाय र कार्यक्रम अर्न्तगत सहायक क्याम्पस प्रमुखको नियुक्ती भएकोमा आफ्नो संकाय र संचालनमा पनि पूर्ण जिम्मेवारी हुनेछ ।

ग) क्याम्पस प्रमुखको अनुपस्थितीमा निमित्त क्याम्पस प्रमुख भई काम गर्ने ।

घ) क्याम्पसको शैक्षिक तथा आर्थिक प्रशासनको काममा सहयोग गर्ने ।

ङ) प्राध्यापक तथा कर्मचारीलाई अनुशासन सम्वन्धी काम, कारवाही गर्नुपर्दा, लामो विदा दिनु पर्दा, पुरस्कृत गर्नुपर्दा, क्याम्पस प्रमुखलाई आवश्यक सरसल्लाह दिने ।

च) क्याम्पस प्रमुखले तोके बमोजिम काम गर्ने

१८. सेवा सम्बन्धी व्यवस्था

क्याम्पसको शैक्षिक तथा प्रशासनिक विभिन्न पदहरुको दरवन्दी सम्वन्धी व्यवस्था स्थायी, अस्थायी र करार सेवामा नियुक्ती, पदोन्नती वेतन सुविधा तथा आवास सम्वन्धी व्यवस्था यस नियमावलीको अधिनमा रही संचालक समितिले निर्माण गरेको विनियममा उल्लेख भए अनुसारको हुनेछ ।

१९. छनौट समिति :

संचालक समितिवाट स्वीकृत भई रिक्त रहेको स्थायी दरवन्दी क्याम्पस प्रमुख, प्राध्यापक, प्रशिक्षक तथा कर्मचारीलाई स्थायी पदपूर्ती गर्दा छनोट उप-समितिको निर्णय हुनेछ ।

प्राध्यापकहरु : (प्राध्यापक, सह-प्राध्यापक, उप- प्राध्यापक र सहायक- प्राध्यापक) र विशेषज्ञहरुको रित रहेको दरवन्दीमा नियुक्तीको लागि निम्नाअनुसार छनोट उप-समिति गठन हुनेछ ।

क) उप-प्राध्यापक तथा प्राध्यापक छनोट उप-समिति

१	समितिको निर्णय बमोजिम तोकीएको	संयोजक
२	सम्वन्धीत विषयको विषेशज्ञ वा विभागीय प्रमुख	सदस्य
३	क्याम्पस प्रमुख पदेन	सदस्य सचिव

ख) कर्मचारीलाई सिफारीस गर्ने

१	समितिको निर्णय बमोजिम समिति मध्ये तोकीएको	संयोजक
२	सम्वन्धीत विषयको विषेशज्ञ वा विभागीय प्रमुख	सदस्य
३	क्याम्पस प्रमुख पदेन	सदस्य सचिव

ग) **क्याम्पस प्रमुखको लागि :** नयां क्याम्पस प्रमुख छनोटगर्नु परेमा संचालक समितीले विज्ञापन गर्ने छ तर कार्यरत क्याम्पस प्रमुखकाको पदावधि भएसंचालक समितिको वैठक वाट हुनेछ ।

घ) प्राध्यापक तथा कर्मचारी नियूकी गर्दा जनप्रकाश वहुमुखी क्याम्पस वाट BBS पास गरेको विद्यार्थीहरु लाई प्राथमिकता दिनु पर्ने छ । उनीहरुको योग्यता नपुगेमा मात्र वाहिरवाट नियुक्त हुनेछन ।

२०. क्याम्पसमा कार्यरत क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, प्राध्यापकहरु तथा कर्मचारीहरुको संचयकोष सम्वन्धी व्यवस्था र विदा सम्वन्धमा यस विधानको अधिनमा रही संचालक समितिले निर्माण गरेको विनियममा उल्लेख भए अनुसार नै हुनेछ । क्याम्पसको विकास र प्रध्यापकहरुलाई जिम्मेवार र वढी उत्तरदायी वनाउन प्रेरीत गर्ने उद्देश्यले ४ पिरीयड पढाउने प्रध्यापकलाई दरवन्दी सरह उप-प्रध्यापकको

तलव दिनि व्यवस्था मिलाईनेछ । संचयकोष स्थायी र पुर्णकालिन प्रध्यापक कर्मचारीले मात्र पाउनेछन ।

२१. शिक्षण समिति :

क) यस क्याम्पसमा अध्ययन-अध्यापन हुने कम्तीमा ५ जना प्रध्यापक कार्यरत रहेका विषयका निम्ति क्याम्पस प्रमुखले विषयगत शिक्षण समितिको गठन गर्ने छ । तर कुनै विषयमा ५ भन्दा कम विषयगत शिक्षक भएमा ती विषयहरुको लागि संयुक्त शिक्षण समिति रहन सक्नेछ ।

ख) क्याम्पस प्रमुखले सहायक क्याम्पस प्रमुखसंग आवश्यक सल्लाह लिई विषयगत तथा संयुक्त शिक्षण समितिको लागि १ संयोजक वा विभागीय प्रमुख नियुक्ती गर्ने छन् ।

ग) शिक्षण समितिको संयोजक नियुक्ती गर्दा निजको कार्यकुशलता, कार्यक्षमताको आधारमा गर्नु पर्नेछ । सो समितिमा सम्वन्धित विषय पढाउने सबै शिक्षक सदस्य रहनेछन् ।

घ) शिक्षण समितिको संयोजकको पदावधि २ वर्षको हुनेछ तर आवश्यक परेमा थप गर्न सकिनेछ ।

ङ) शिक्षण समितिको वैठक कम्तिमा २ महिनाको एक पटक वस्नेछ ।

च) शिक्षण समितिका संयोजकले आफ्नो समिति भित्र रहेका सबै प्रध्यापकहरुलाई पाठ्यक्रम विभाजन तथा विश्लेषण गर्ने, समय-समयमा पाठ्यक्रम विकासको लागि विश्लेषण गर्ने, सम्वन्धीत विषयका प्राध्यापकहरुवाट समय-समयमा कक्षा प्रगती विवरण संकलन गर्ने र आवश्यक परेमा पाठ्यक्रम सुधार तथा संशोधनको लागि सम्वन्धीत निकायमा सुझाव समेत पठाउने र अन्य आवश्यक कार्य गर्ने ।

२२. अनुसन्धान परियोजना कार्यान्वयन सम्वन्धमा

नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी संघसंस्थाहरु वा व्यक्तीवाट प्राप्त हुन आएको रकमवाट परियोजना संचालन गनुपर्दा सो वापत प्राप्त हुने रकम मध्ये ४० प्रतिशत रकम क्याम्पसलाई उपलब्ध गराई ६० प्रतिशत रकम प्रध्यापक तथा कर्मचारीले पारिश्रमिक र अनुसन्धान सम्वन्धी अन्य खर्च स्वरुप पाउने छन् ।

२३. आर्थिक कोष र त्यसको संचालन प्रक्रिया :

९. निम्न स्रोतहरुको आधारमा यस क्याम्पसमा एक आर्थिक कोष रहनेछ र त्यसको संचालन संचालक समितिको अध्यक्ष वा लेखा अधिकृत भए अधिकृतस्तर र नभएमा संचालक समितिले तोकोको पूर्णकालिन कर्मचारी मध्ये एक जना र क्याम्पस प्रमुखको अनिवार्य दस्तखत बाट बैंक खाता र आर्थिक कारोबार हुनेछ ।

क) क्याम्पसबाट उठाएको शुल्क र अन्य स्रोतबाट आएको रकम ।

ख) नेपाल सरकार र विश्वविद्यालय अनुदान आयोग , स्थानिय तह, प्रदेश सरकार बाट आएको रकम ।

ग) विभिन्न शिक्षाप्रेमी व्यक्ती र स्वदेशी संघसंस्थाहरुबाट आर्थिक सहयोग स्वरुप वा दान दातव्यबाट प्राप्त भएको रकम वा अनुदान सम्पती ।

घ) क्याम्पसले सापटी लिएको रकम ।

ङ) क्याम्पसका नाममा प्राप्त हुने अन्य कुनै पनि आर्थिक सहयोग ।

*स्पष्टिकरण :

क्याम्पसका सबै हर हिसाब तथा धन सम्पत्तीको सुरक्षा, लेखापरीक्षण अद्यावधिक, अभिलेखका लागि लेखा तथा भण्डार शाखाका कर्मचारीहरु उत्तरदायी हुनेछन ।

२५. लेखापरीक्षण सम्बन्धी व्यवस्था :

क) क्याम्पसको यथार्थ आम्दानी र खर्च सम्बन्धी अभिलेख तथा संकलन बिल, भौचर आदि सबै आर्थिक कारोबार सम्बन्धी लिखित क्याम्पस कार्यालयमा नै सुरक्षित राखीनेछ । हरेक चौमासीक आय व्ययको विवरणको आन्तरीक लेखा परीक्षण संचालक समितिले तोकेको बढीमा ३ जना व्यक्तीबाट गरीनेछ । प्राप्त निवेदन संचालक समितिको बैठकमा पेश गरिनेछ । यसरी आन्तरिक परीक्षणमा संलग्न संचालक समितिले तोके अनुसार पारिश्रमिक दिईनेछ । लेखाका लागि लेखापाललाई पूर्ण जवाफदेही बनाईनेछ ।

ख) क्याम्पसको आर्थिक वर्ष भरिको सबै आम्दानी खर्च सम्बन्धी अभिलेखको लेखा परिक्षण आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र गराईसक्नुपर्दछ ।

ग) लेखापरीक्षकद्वारा तयार गरिएको प्रतिवेदनमा आर्थिक प्रशासनमा सुदृढ र नियमितता कायम गर्न दिईएका सुझावहरु उपर विचार गरी आवश्यक व्यवस्था मिलाउने काम क्याम्पस प्रमुखको सल्लाहमा संचालक समितिले गर्नेछ ।

घ) लेखा परीक्षण गर्दा लेखा परिक्षकले लेखा सम्वन्धी अभिलेख नियमित भए नभएको आन्तरीक र लेखा समितिले दिएको नीति निर्देशन र सुझाव आदि पालना भए नभएको, उठेको रकम समयमै वैंकमा जम्मा भए नभएको जस्ता कुरामा ध्यान दिनुपर्दछ ।

ङ) लेखा परीक्षकको नियुक्ती, पदावधि, तलव भत्ता र अन्य सुविधा संचालक समितिले निर्णय गरे वमोजिम हुनेछ ।

च) संचालन समितिवाट लेखा परीक्षकको नियुक्ती गर्दा यस क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारी वाहेक महालेखा परीक्षकवाट स्वीकृत प्राप्त एवं रजिष्टर्ड लेखा परीक्षकलाई नियुक्ती गरिनेछ ।

२६. **बाधा अड्काउ फुकाउने अधिकार** : यस नियमावलीमा वाझिएका वुंदाहरु स्पष्ट गर्ने अधिकार तथा नियमावलीमा नपरेका कुराहरुको हकमा गरिने निर्णय संचालक समितिले गर्नेछ र सो निर्णय अन्तिम हुनेछ । असामान्य अवस्थामा गरिएको यस्तो व्यवस्थालाई आवश्यक ठानेमा साधारण सभावाट अनुमोदन गराईनेछ ।

२७. **संक्रमणकालीन अवस्था** : यस विधान लागु हुनपूर्व क्याम्पससंग सम्वन्धीत भए गरेका सम्पूर्ण कार्यहरु यसै विधान अनुसार भए गरेको मानिनेछन ।

२८. **दस्तावेज अभिलेखहरु सुरक्षित राखिनुपर्ने** :
यस क्याम्पसको स्थापनाकाल देखि निरन्तर उल्लेख भएका माईन्यूट वुक वा निर्णय पुस्तिका र अन्य आवश्यक दस्तावेजहरु अभिलेखका रुपमा सुरक्षित राखिनेछ ।

२९. **विधान संशोधन** :
यस विधानको कुनै दफा, उपदफाहरुमा संशोधन तथा थपघट गर्नुपर्ने भएमा क्याम्पस प्रमुखको सिफारीसमा संचालक समितिको निर्णयअनुसार क्याम्पसको साधारण (सिनेट) सभा ले अनुमोदन गरेपछी त्रि.विमा पेशगरी स्विकृत भएपछी लागु हुनेछ ।

३० खारेजी र वचाऊ: यो विधान स्विकृत भई लागु भए पस्चात वि स २०५९, २०६६ र २०७२ का विधान तथा संसोधन हरु खारेज हुनेछन । सो विधान वमोजिम भए गरेका कामहरु यसै विधान वमोजिम हुनेछन ।

अनुसूची

क्याम्पसको छाप निम्न अनुसार हुनेछ ।

नेपाली छाप

English Stamp

समाप्त

त्रिभुवन विश्वविद्यालय
उपकुलपतिको कार्यालय
योजना निर्देशनालय
कीर्तिपुर, काठमाडौं, नेपाल

मिति: २०७५/१२/१७

च.नं. 529 फा.नं. 068/69

श्री क्याम्पस प्रमुख
जनप्रकाश बहुमुखी क्याम्पस
कास्की ।

विषय: विधान स्वीकृत गरिएको बारे ।

त्रि.वि. सम्बन्धन सम्बन्धी विनियम २०७३ को परिच्छेद १४ (३५) मा उल्लेख भए बमोजिम त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्रदत्त क्याम्पस/कलेजहरुले यस निर्देशनालयमा पेश गरेको विधान सम्बन्धमा निजी/सामुदायिक रुपमा संचालित क्याम्पस/कलेजहरुले तयार गरि पेश गरेको विधान अध्ययन गरी सुझाव पेश गर्न गठित समितिको सिफारिस बमोजिम र त्रि.वि. कार्यकारी परिषद्को मिति २०७५/१०/१७ को निर्णय नं. २२९८ अनुसार त्यस क्याम्पस/कलेजले पेश गरेको विधान स्वीकृति गर्न यस निर्देशनालयलाई अख्तियारी दिने निर्णय भए बमोजिम स्वीकृत गरिएको व्यहोरा अनुरोध गर्दछु । स्वीकृत विधान एक प्रति यसैसाथ संलग्न छ ।

प्रा.डा. ऋदिश कुमार पोखरेल
कार्यकारी निर्देशक

bidhan letter

फोन: ४३३०४३७, ४३३०४२९, फ्याक्स ९७७-१-४३३१९६४, E-mail: planning@tribhuvan-university.edu.np, P.O.Box No.: 8212